प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

## मिति २०७९ साल भदौ ५ गते बसेको सचिव बैठकको निर्णयहरू:-

१. मिति २०७९।०४।०५ गतेको सचिव बैठकका निर्णयहरूको मन्त्रालयगत रूपमा कार्यान्वयन अवस्थाको प्रगति समीक्षा गरियो।

२. मन्त्रालयका सचिव र कानून अधिकृतहरूको उपस्थितिमा पहिचान गरिएका तर्जुमा गर्न बाँकी प्रदेश ऐन तथा नियमहरूको मस्यौदा कार्य यथाशीघ्र अगाडि बढाउने।

३. प्रदेश गौरवका आयोजनाहरूको प्रगति अवस्था बारे समीक्षा गरियो।

४. महालेखापरीक्षकको प्रतिवेदनबाट विगत वर्षमा कायम भएका बेरुजु फछ्र्यौट गर्न प्राथमिकता दिने।

५. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट पत्राचार गरिएका परिपत्रको (विवरण उपलब्ध गराउने सम्बन्धी) जवाफ सबै मन्त्रालय/निकायहरूले तोकिएको समयभित्र पठाउने।

६. निर्वाचन आयोग, नेपालबाट निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम र यस्तै प्रकृतिका अन्य कार्यक्रम कार्यान्वयन नगर्ने नगराउने सम्बन्धमा भएको निर्देशन जानकारी गरियो।

२०७९।५।५

प्रमुख सचिव